प.सं.**आइ.सि.एफ.सि./०८०-०८१/प्र.शा./१८४**

मिति : २०८०/१०/१८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

**बिषय : बीसौं वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस संस्थाको २०८० साल पौष २९ गतेका दिन सम्पन्न बीसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

संलग्नः-
१ थान बीसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट)

भवदिय,

ICFC FINANCE LIMITED

लक्ष्मणप्रसाद जैसी
कम्पनी सचिव

बोधार्थ :
श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

# आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको
# मिति २०८० पुस २९ गते आइतबारका दिन सम्पन्न भएको
# बीसौं वार्षिक साधारण सभाको निर्णय माइन्युटको विवरण

भाटभटेनी, काठमाण्डौ ।

# आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको
# बीसौं वार्षिक साधारण सभाको
# निर्णयको विवरण

आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको बीसौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्यूको सभापतित्वमा देहाय बमोजिम गरी सम्पन्न भयो ।

## १) सभा भएको मिति, समय र स्थान

मिति : २०८० पुस २९ गते आइतबार (तद्नुसार जनवरी १४, २०२४)
समय : बिहान १०:०० बजे ।
स्थान : आम्रपाली ब्यांक्वेट, थिरबम सडक, भाटभटेनी, काठमाण्डौ ।

## २) सभाको सूचना प्रकाशन

(क) यस कम्पनीको मिति २०८०/०९/०५ गते बिहीबारका दिन बसेको सञ्चालक समितिको ३२१औं बैठकले निर्णय गरे बमोजिम कम्पनीको बीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०८० पौष ०६ गते र २०८० पौष १७ गते क्रमशः राजधानी राष्ट्रिय दैनिक र नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा बीसौं वार्षिक साधारणसभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रित भईदिनका लागि बाह्य लेखापरीक्षक श्री एन. अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस् र कानूनी सल्लाहाकार बरिष्ठ अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतमलाई अनुरोध गरी पत्राचार गरिएको ।

## ३) सभामा प्रस्तुत छलफलका विषयहरु

### क. सामान्य प्रस्तावहरु

१. आर्थिक वर्ष २०७९/८० को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ६.५ प्रतिशतका दरले हुने नगद लाभांश रु.७,६९,२५,६१२.४०/- (अक्षेरुपी सात करोड उनान्सत्तरी लाख पच्चीस

हजार ६ सय बाह्र र चालिस पैसा मात्र) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व. २०८०/८१ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बाहालवाला लेखापरीक्षक एन.अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस् पुन:नियूक्ति हुन योग्य हुनुहुन्छ ।)

५. सर्वसाधारण समुहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने १ जना महिला सहित ३ जना संचालक पदको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा वृद्धि गर्ने ।

२. कम्पनीको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाब वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

## ४) सभामा उपस्थिति

**(क) संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री सुशीलकुमार अर्याल | अध्यक्ष |
| श्री श्याम सिंह पाण्डे | सञ्चालक |
| डा. विरेन्द्र कुमार साह | सञ्चालक |
| श्री अच्युतराज आचार्य | सञ्चालक |
| श्री हेमशिखा जोशी (गर्ग) | सञ्चालक |
| प्रा. राजेन्द्र गोपाल श्रेष्ठ | सञ्चालक |

**(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री विनोद कुमार आचार्य, सहायक रजिष्ट्रार
२. श्री सुनिल पन्त, प्रमुख कार्यकारी अधिकृत
३. श्री अमित श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत
४. श्री लक्ष्मणप्रसाद जैसी, कम्पनी सचिव तथा नायव महाप्रबन्धक
५. श्री संजय थपलिया, सहयक महाप्रबन्धक
६. श्री पुजा जोशी, प्रबन्धक
७. श्री रोनेश चित्रकार, प्रबन्धक
८. श्री सागरनिधि तिवारी, नायव प्रबन्धक
९. बरिष्ठ अधिवक्ता श्री रामचन्द्र सुवेदी, निर्वाचन अधिकृत

**(ग) शेयरधनीको उपस्थिति**

| | |
|---|---|
| (क) शेयरधनी स्वयं | १५८ |
| (ख) प्रोक्सीबाट | १३५ |
| **जम्मा उपस्थित** | **२९३** |

ICFC FINANCE LIMITED ICFC

५)  **सभाको गणपुरक संख्या**

| शेयर तथा शेयरधनी | जम्मा शेयर, शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | शेयरको प्रतिनिधित्व (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| शेयर | १,१८,३४,७०९.६० | ५,६६,०७६.५९ | ५६,२०,०२९.६० | ६१,८६,१०६.१९ | ५२.२७ |
| शेयरधनी | २३,१८८ | १५८ | १३५ | २९३ | १.२६ |

६)  **सभाको वैधानिकता**

सभा संचालन गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावली बमोजिम कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिमार्फत उपस्थिति हुनुपर्ने प्रावधान अनुसार कम्पनीको बीसौं वार्षिक साधारण सभामा कूल शेयर संख्या मध्ये ५२.२७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने १५८ जना शेयरधनीहरु स्वयं सभामा उपस्थित भएको र १३५ जना प्रतिनिधि मार्फत उपस्थित भई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा संचालन गर्नका लागि गणपुरक संख्या पुगी सभा वैधानिक रहेको कुरा कम्पनी सचिव श्री लक्ष्मणप्रसाद जैसीज्यूले सभालाई जानकारी गराउनु भयो । साथै, कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्युलाई सभाको सभापतित्व ग्रहण गरि सभालाई अगाडी बढाउन अनुरोध गर्नुभयो ।

७)  **सभाको सभापतित्व**

वार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम संचालक समितिका अध्यक्ष श्री सुशीलकुमार अर्यालज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । साथै संचालक समितिका अन्य सदस्यज्यूहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक समेतलाई सभास्थलको मञ्चमा आई बस्न कम्पनी सचिवले अनुरोध गरे बमोजिम उहाँहरु समेतले आसन ग्रहण गर्नुभयो ।

८)  **सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती**

सभापति महोदयले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै बीसौं वार्षिक साधारण सभाको कार्यक्रम अघि बढाउनु भयो । यसरी सभाको कार्यक्रम अघि बढाउने क्रममा सभापति महोदयले सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो तथा शेयरधनी महानुभावहरुलाई प्रतिवेदनमा छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

९)  **बीसौं वार्षिक प्रतिवेदन तथा वित्तीय विवरणको प्रस्तुति**

सभाका सभापतिज्यूले संचालक समितिको तर्फबाट कम्पनीको बीसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/८० को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसुचीहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

ICFC FINANCE LIMITED ICFC *

१०) **छलफलको लागि आह्वान**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप सभापतिज्यूले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनूसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन अनुरोध गर्नुभयो ।

११) **छलफलमा सहभागी हुने शेयरधनीहरु र नीजहरुले व्यक्त गरेका धारणाको संक्षिप्त विवरण:**

**१. श्री सुदिप श्रेष्ठ :** यस आइ.सि.एफ.सि. फाइनान्सको दुई दशकको लामो यात्रामा कुनै बैंक तथा वित्तीय संस्थासगं विलय नभइ आफ्नो ग्राहकहरुलाई उत्कृष्ट सेवाबाट विश्वासनीय फाइनान्स कंपनी को रुपमा आफ्नो परिचय स्थापना गरेको छ ।
आर्थिक अवस्था सिथिल भएको समयमा कति बैंक तथा वित्तीय संस्थाहरुले लाभांश दिन नसकेको समयमा पनि यस संस्थाले ६.५ प्रतिशत नगद लाभांश दिन सफल भएकोमा स्वागत योग्य छ । कर्जामा कमि आएकोमा व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो । आगामी वर्षहरुमा संस्थाले प्रतिफल बढाउनेमा आशा गर्दछु । साथै, यस कम्पनीको प्रगतिको कामना गर्दै आफ्नो मन्तव्य राख्नुभयो ।

**२. श्री बहृमदेव शाक्य :** उपस्थित सबैलाई सम्बोधन गर्दै साधारणसभा समयमै गर्न सफल भएकोमा सञ्चालक समिति, व्यवस्थापन समूह तथा कर्मचारीहरुलाई धन्यवाद दिनु भयो । संस्थाले ६.५ प्रतिशत नगद लाभांश दिएकोमा धन्यबाद दिनु भयो । NPL १.९९ प्रतिशत रहेकोमा अलि घटाउदा राम्रो हुन्छ । साथै, संस्थाले प्रस्ताव गरेको सम्पूर्ण प्रस्तावमा समर्थन रहेको छ भनि भन्नुभयो ।

**३. श्री दामोदर प्रसाद रेग्मी :** उपस्थित सबैलाई सम्बोधन गर्दै साधारणसभा समयमै गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनु भयो । धेरै बैंक तथा वित्तीय संस्थाले लाभांश दिन नसकेकोमा यस संस्थाले ६.५ प्रतिशत नगद लाभांश दिएकोमा धन्यबाद दिनु भयो । गत आ.व.मा केहि कम्पनीले बढी प्रतिफल दिन्छु भनेका कम्पनीहरु अहिले कम प्रतिफल दिएका छन् । Provision बढि भएकोले १ प्रतिशतमा ल्याउनु पर्ने र गत वर्ष भन्दा यस वर्ष लगानी घटेकोमा व्यवस्थापनको ध्यानाकर्षण गराउनु भयो ।

**४. श्री निरुपमा गुप्ता** : आयोजित सभाका अध्यक्षज्यू मञ्चमा आसिन पदाधिकारीज्यू, सबै उपस्थित सञ्जन बृन्दमा म निरुपमाको तर्फबाट अभिवादन । साधारणसभा पौष भन्दा अगावै गर्ने प्रयास गर्नुहोला । समय सापेक्ष खर्च बढनु स्वभाविक हो तापनि खर्चमा मितव्ययीता अपनाउन हुन अनुरोध गर्दछु । छलफलका सम्पूर्ण प्रस्ताव (सामान्य र विशेष)लाई मेरो समर्थन रहेको जानकारी गराउन चाहन्छु । जिज्ञासा आगामी वर्ष कम्पनीलाई प्रगतिपथमा डो-याउन यहाँको रणनीति, योजना, अनि Investment Policy को बारेमा छोटो मिठि जानकारी दिन अनुरोध गर्दै अन्तमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना सहित आफनो मन्तव्य अन्त गर्नुभयो ।

**५. चन्द्र नारायण श्रेष्ठ** : नमस्ते, आइ.सि.एफ.सि.को २०औं वार्षिक साधारणसभामा लिखित मन्तव्य यस प्रकारको रहेको छ । कम्पनीले वार्षिक साधारण सभा समयमा नै सम्पन्न गरेकोले धेरै धेरै धन्यवाद व्यक्त गर्दछु । यस वर्षको वित्त कम्पनीहरुको प्रतिफल घोषणमा ३ वटा मध्ये यो कम्पनी पनि पर्न सफल भएको छ र ६.५ प्रतिशत नगद लाभांश को लागि धन्यवाद छ । आगामी दिनमा संस्थामा आवधिक निक्षेप जतिको प्रतिफल पाइने किसिमले संचालन गरि दिन अनुरोध छ ।

ICFC FINANCE LIMITED ICFC

Unaudited र audited रिपोर्टमा impairment charge खासै थप्न नलगाएको तर अरु वित्तीय संस्थाहरुलाई करोडौं करोड थप्न लगाउनु, ऋणपत्र भुक्तानी कोषमा ३.३ करोडले प्रति वर्ष छुटयाउन परेको र अझै आगामी वर्ष सम्म नियमित प्रोभिजनिङ गर्नुपर्ने अन्य कारणले गर्दा कुल आय २७४.३४ करोड अर्थात गतवर्ष रु.२०३.४ करोड रहेकोमा रु.७१ करोडको वृद्धि हुँदा समेत शेयर होल्डरलाई वितरण गर्ने लाभांश दर थोरै १.५ प्रतिशतले वृद्धि छ । कम्पनीबाट पुनः पहिला पहिला जस्तै आगामी आर्थिक वर्षदेखि प्रतिफलको सुनिश्ति हुनेगरी कार्यसम्पादन उत्कृष्ट हुनेमा विश्वास गर्न सकिन्छ ।
गैह्र बैंकिग सम्पति, खराव कर्जा अरुहरुको धेरै थियो भनेर हामीहरु चुपचाप बस्ने होइन त्यस्तो सरुवा रोग देखि हामीपनि सावधान हुनैपर्छ र यसतर्फ विशेष ध्यान पुर्याउनुहोला । कम्पनीका अध्यक्ष, बोर्ड मेम्बर, कार्यरत होनहार सबै मित्र कर्मचारी वन्धुहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

**६. नरसिंह लाल चखूं :** Balance Sheet र Annual Report प्रगतिउन्मुख छ । Cash Dividend कम्पनीका Board, Management र HR Team प्रति आभार प्रकट गर्दछु । नितिगत कारणले गर्दा impairment charge बढेको र NPL Ratio बढेकोले EPS (Net Profit) मा नकारात्मक प्रभाव परेको छ । साथै, आम्दानीका शिर्षकहरु कमजोर पर्न गएको छ । तैपनि Assets quality maintain गर्ने Provision write back, LLP घटाउने, Default risk minimum गर्ने, Default Recovery, एवं Recovery Team लाई सकृय बनाउने काममा Management पक्ष सजग एवं एवल छ भन्ने लागेको छ । साथै, शाखाहरुलाई नाफामुखी बनाई HR efficiency Ratio बढाउनुपर्छ । Fund Management र Fund mobilization मा जोडदिनुपर्छ । अन्तमा कम्पनीको प्रगतिको कामना गर्दछु । धन्यवाद ।

**१२. सभापतिज्यूको प्रतिउत्तरः**

सभापतिज्युको आज्ञाले संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल पन्तले वार्षिक साधारण सभालाई सार्थक तथा जीवन्त बनाउन शेयरधनी महानुभावज्यूहरुले दिनुभएको सुझावहरुको सराहनीय गर्दै उहाँहरुलाई आफ्नो बहुमूल्य समय निकाली साधारणसभामा सक्रीय भाग लिइदिनु भएकोमा धन्यवाद दिँदै सभामा उठेका जिज्ञासाहरुको एकमुष्ट बुँदागद जबाफ दिनुभयो तथा शेयरधनीहरुको जिज्ञासा र सुझावहरुमा विस्तृत रुपमा विवेचना गरी शेयरधनीहरुको रचनात्मक सुझावहरु क्रमशः लागू गर्ने जानकारी गराउनु भयो ।

**१३) सभाका निर्णयहरु**

**क. साधारण प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु**

१. आर्थिक वर्ष २०७९/०८० को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने :- बीसौं वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् पारित गरी दिन सभापति महोदयले पेश गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने :- सभापतिज्युले पेश गर्नुभएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको

ICFC FINANCE LIMITED ICFC

आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरियो र सर्वसम्मतिबाट पारित गरियो ।

३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ६.५ प्रतिशतका दरले हुने नगद लाभांश रु.७,६९,२५,६१२.४०/-(अक्षेरुपी सात करोड उनान्सत्तरी लाख पच्चीस हजार ६ सय बाह्र र चालिस पैसा मात्र) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने :- सञ्चालक समितिले सिफारिस गरे बमोजिम २०८० आषाढ मसान्तको नाफाबाट रु.७,६९,२५,६१२.४०/-(अक्षेरुपी सात करोड उनान्सत्तरी लाख पच्चीस हजार ६ सय बाह्र र चालिस पैसा मात्र ) (नगद लाभांशको कर प्रयोजनको लागि समेत)) नगद लाभांश शेयरधनीहरुमा वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व. २०८०/८१ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बाहालवाला लेखापरीक्षक एन.अमात्य एण्ड कं. चार्टर्ड एकाउन्टेन्टस् पुनःनियुक्ति हुन योग्य हुनुहुन्छ ।) :-आर्थिक वर्ष २०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने क्रममा सभापतिज्यूले कम्पनीको लेखापरीक्षण समितिले लेखापरीक्षक **श्री एन.अमात्य एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्लाई** लेखापरीक्षण शुल्क वापत रु.७,७०,०००/- (अक्षेरुपी सात लाख सत्तरी हजार मात्र) (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गर्न सिफारीस गरेको व्यहोरा सभालाई अवगत गराउनु भयो र सो उपर छलफल हुँदा लेखापरीक्षण समितिको सिफारिस अनुसार **श्री एन.अमात्य एण्ड कं.,चार्टर्ड एकाउन्टेन्टस्लाई** लेखापरीक्षण शुल्क वापत **रु.७,७०,०००/- (अक्षेरुपीः- सात लाख सत्तरी हजार मात्र) (भ्याट बाहेक)** प्रदान गर्ने गरी आ.व. २०८०/८१ को बाह्य लेखापरीक्षकमा नियुक्त गर्न सर्वसम्मतिबाट पारित गरियो ।

५. सर्वसाधारण समुहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने १ जना महिला सहित ३ जना संचालक पदको निर्वाचन गर्ने :- सभाको निर्धारित विषयसूची नं.५ बमोजिम यस फाइनान्सको संचालक समितिमा सर्वसाधारण तर्फबाट ३ सदस्यका लागि भएको निर्वाचनमा उम्मेदवारी दर्ता गर्नुभएको तीन जना श्री टंकराम गौतम, श्री सफल भट्टराई र श्री हेमशिखा जोशी गर्ग निर्विरोध निर्वाचित हुनु भएको नतिजा निर्वाचन अधिकृतले वार्षिक साधारण सभामा घोषण गर्नु भयो र निर्वाचित संचालक समितिका सदस्यहरुलाई प्रमाणपत्र दिनु भयो ।

## ख. विशेष प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु

१. सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा वृद्धि गर्ने :- सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता तथा सेवा सुविधा वृद्धि गर्ने र सोही अनुसार नियमावली संशोधनलाई स्विकृती प्रदान गर्ने ।

२. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने :- कम्पनीको प्रबन्धपत्रका दफा४(घ) तथा नियमावलीका दफा २९(क) र (ख) संशोधन गर्ने सम्बन्धी विषेश प्रस्तावहरु तपशिल बमोजिम सर्वसम्मतीबाट पारित गरियो तथा उक्त संशोधन नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप

ICFC FINANCE LIMITED ICFC

आवश्यक समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**प्रबन्धपत्रको प्रस्तावित संशोधनको विवरण**

**प्रबन्धपत्र**

| सि.नं. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | **दफा ४(घ)**<br>मर्चेण्ड बैकिङ्ग कारोबार गर्ने । | **दफा ४(घ)**<br>कम्पनीको मूल उद्देश्य प्राप्तिका लागि कम्पनी वा सहायक कम्पनी मार्फत विभिन्न धितोपत्र खरीदबिक्री गर्ने, गराउने, मर्चेण्ड बैकिङ्ग, लगानी परामर्श, प्राईभेट ईक्विटी, भेञ्चर क्यापिटल लगायतका अन्य विशिष्टिकृत लगानी कोषहरु संचालन, लगानी गर्ने तथा त्यस्ता कोषहरुको प्रायोजन (Fund Sponsor) गर्ने, गराउने । | समयानुकुल लगानीको दायरा बढाउन आवश्यक भएकोले । |

**नियमावलीको प्रस्तावित संशोधनको विवरण**

**नियमावली**

| सि.नं. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | **दफा २९(क)**<br>संस्थाका संचालकहरुले मोबाइल फोन महशुल, इन्टरनेट खर्च र पत्रपत्रिका खर्च वापत मासिक रु.४०००/- पाउने छन् । | **दफा २९(क)**<br>संस्थाका संचालकहरुलाई यातायात, सञ्चार तथा पत्रपत्रिका सुविधा खर्च निम्न बमोजिम प्रदान गरिनेछ ।<br>१. यातायात खर्च वापत मासिक रु.५,०००/- प्रदान गरिने छ ।<br>२. सञ्चार तथा पत्रपत्रिका खर्च वापत मासिक रु.४,०००/- प्रदान गरिने छ । | समयानुकुल सञ्चालकहरुको सुविधा बढाउन आवश्यक भएकोले । |
| २. | **दफा २९(ख)**<br>संचालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले रु.९,०००/- र सञ्चालकहरुलाई रु.८,०००/- बैठक भत्ता भुक्तानी गरिने छ । | **दफा २९(ख)**<br>संचालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत अध्यक्षले रु.१५,०००/- र सञ्चालकहरुलाई रु.१३,०००/- बैठक भत्ता भुक्तानी गरिने छ । | समयानुकुल सञ्चालकहरुको सुविधा बढाउन आवश्यक भएकोले । |

**ग. विविध**

यस संस्थाका संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने अध्यक्ष एवं संचालक श्री रामबाबु पन्तज्यूले आफ्नो व्यक्तिगत कारणले संस्थाको संचालक तथा अध्यक्ष पदबाट मिति २०८०/०७/०२ गते देखि लागु हुने गरि राजिनामा दिनुभएकोले निजको बाँकी अवधिको लागि उक्त रिक्त संचालक पदमा सोही मितिबाट सोही समूहका शेयरधनी श्री श्यामसिंह

ICFC FINANCE LIMITED ICFC

पाण्डेलाई संचालक पदमा नियुक्ति गरीएको हुदाँ सोको अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

साथै, स्वतन्त्र संचालक श्री विपीनकुमार रेग्मीज्यू आफ्नो व्यक्तिगत कारणले संस्थाको संचालक पदबाट मिति २०८०/०४/३२ गते देखि राजिनामा दिनुभएकाले रिक्त पदमा प्रा. राजेन्द्रगोपाल श्रेष्ठलाई स्वतन्त्र संचालक पदमा नियुक्त गरीएको हुदाँ सोको अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**१४) धन्यवाद ज्ञापन तथा सभाको बिसर्जन**

अन्त्यमा सभापतिज्यूले सभामा छलफल गर्नुपर्ने अन्य प्रस्ताव नभएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसै गरी कम्पनीको बीसों वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण कर्मचारी वर्ग लगायत व्यवस्थापन टोली, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लि., कम्पनी रजिष्ट्रारको कार्यालय तथा लेखापरीक्षक, कानूनी सल्लाहकार लगायत सम्पूर्ण संचालकहरुले पुऱ्याउनु भएको सहयोगको लागि आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभापतिज्यूले अपरान्ह ११:५० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| (लक्ष्मणप्रसाद जैसी)<br>कम्पनी सचिव | ICFC FINANCE LIMITED | (सुशीलकुमार अर्याल)<br>अध्यक्ष |